## वस्तुगत प्रश्नोत्तर

१. **हालसम्म नेपालसँग दौत्य सम्बन्ध कायम भएका राष्ट्रहरूको सङ्ख्या कति पुगेको छ ?**
✍ १७६
- दौत्य सम्बन्ध कायम भएका पछिल्ला राष्ट्रहरू
- १७६ औँ : बेलिज (सन् २०२२ अप्रिल १)
- १७५ औँ : दक्षिण सुडान (सन् २०२२ मार्च २८)
- १७४ औँ : रिपब्लिक अफ पलाउ (सन् २०२२ मार्च २१)
- १७३औँ : टिमोर-लेस्टे (सन् २०२२ फेब्रुअरी ११)
- १७२ औँ : बार्बाडोस (सन् २०२१ डिसेम्बर ८)
- १७१ औँ : सिएरालियोन (सन् २०२१ जुन २९)

२. **चोभार सुक्खा बन्दरगाहको उद्घाटन कहिले गरियो ?**
✍ वि.सं. २०७८ चैत २२
- बहुप्रतिक्षित चोभार सुक्खा बन्दरगाह प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा वि.सं. २०७८ चैत २२ मा उद्घाटन गरिएको ।
- २२० रोपनी क्षेत्रफलमा बनेको बन्दरगाहमा पाँच सय ट्रक पार्किङ गर्न सकिने । त्यस्तै, परियोजनाअन्तर्गत पाँच सयसम्म कन्टेनर राख्न मिल्ने गरी यार्ड बनाइएको । चार वटासम्म कन्टेनर खप्टिएर राख्न सकिने गरी कन्टेनर यार्ड बनाइएको
- काठमाडौँका व्यवसायीको आयात तथा निर्यात सहजीकरणका लागि चोभारमा सुक्खा बन्दरगाह बनाइएको ।
- हाल बन्दरगाहमा आवश्यक भन्सार कार्यालय, क्वारेन्टाइन, बैङ्कलगायत सबै निकाय आइसकेका ।

३. **प्रसिद्ध सात गाउँले जात्रा कहाँ प्रचलित छ ?**
✍ कीर्तिपुर

४. **कास्कीका ९ वटा ताल रामसार सूचीमा कहिले सूचीकृत भएका हुन् ?**
✍ वि.सं. २०७२ माघ १९ (सन् २०१६ फेब्रुअरी २ )

५. **नेपालका कुन शहीदलाई 'शहीद माइला' उपनामले चिनिन्छ ?**
✍ दशरथ चन्द

६. **सन् २०२२ मार्च ३ देखि अप्रिल ३ सम्म न्युजिल्यान्डमा सम्पन्न बाह्रौँ अन्तर्राष्ट्रिय महिला विश्वकपको उपाधि कुन देशले जित्यो ?**
✍ अस्ट्रेलिया (दोस्रो : इङ्ल्यान्ड)
- योसँगै अस्ट्रेलियाले महिला क्रिकेट विश्वकपको उपाधि सातौँ पटक जित्न सफल भएको ।
- वि.सं. २०७८ चैत्र २१ मा आइतबार न्युजिल्यान्डमा भएको फाइनलमा साबिक विजेता इङ्ग्ल्यान्डलाई ७१ रनले पराजित गर्दै अस्ट्रेलिया च्याम्पियन बनेको ।
- फाइनलमा अस्ट्रेलियाले दिएको ३५७ रनको विशाल लक्ष्य पछ्याएको इङ्ग्ल्यान्ड ४३.४ ओभरमा २८५ रनमा अलआउट भएको ।

७. **नेपालमा मूल्य अभिवृद्धि कर कहिलेदेखि लागू भएको हो ?**
✍ वि.सं. २०५४ मङ्सिर १

८. **कुन देवतालाई पारसनाथ भनिन्छ ?**
✍ पशुपतिनाथ

९. **पञ्चमहाभूत भन्नाले के-केलाई बुझाउँछ ?**
✍ पृथ्वी, जल, तेज, वायु र आकाश

१०. **नेपाल भारत शान्ति तथा मैत्री सन्धि कहिले भएको हो ?**
✍ सन् १९५० जुलाई ३१
- यस सन्धिमा नेपालका तर्फबाट मोहनशमशेर र भारतका तर्फबाट चन्द्रेश्वर नारायण सिंहद्वारा हस्ताक्षर गरिएको ।)

११. **ट्रान्सपरेन्सी इन्टरनेसनलको मुख्यालय कहाँ रहेको छ ?**
✍ बर्लिन (जर्मनी)

१२. RT **को पूरा रूप के हो ?**
✍ Mitochondrial Replacement

१३. **प्रतिष्ठित ओस्कर एकेडेमी अवार्डको ९४ औँ संस्करणमा सर्वोत्कृष्ट ठहरिने फिल्म कुन हो ?**
✍ द कोडा
- सन् २०२२ मार्च २८ मा अमेरिकामा सम्पन्न सो सर्वोत्कृष्ट निर्देशकको उपाधि जेन क्याम्पियनले उचालेकी । 'द पावर अफ दि डग' का लागि उनले यो उपाधि पाएकी । उनले ओस्कार अवार्डमा दुईपटक मनोनयनमा पर्ने महिला निर्देशकको रेकर्ड तोडेकी ।
- त्यस्तै उत्कृष्ट अभिनेत्रीको उपाधि जेसिका चास्टेनले जितेकी छन् । उनले 'द आइज अफ टेमिफेई'का लागि जितेकी ।
- ९४औँ संस्करणको ओस्कार अवार्ड विजेताहरू
- अन्तर्राष्ट्रिय फिचर फिल्म : ड्राइभ माई कार
- उत्कृष्ट फिल्म : कोडा
- उत्कृष्ट निर्देशक : जेन क्याम्पियन (द पावर अफ द डग)
- उत्कृष्ट अभिनेता : विल स्मिथ (किङ रिचार्ड)
- उत्कृष्ट अभिनेत्री : जेसिका चास्टेन द आइज अफ टेमी फेई
- उत्कृष्ट सहअभिनेता : ट्रोय कटसर (कोडा)
- उत्कृष्ट सहअभिनेत्री : अरियाना डेबेस (वेस्ट साइड स्टोरी)
- एनिमेटेड फिचर फिल्म : इन्कान्टो
- सिनेम्याटोग्राफी : डुन (ग्रिग फ्रेसर)
- कस्ट्युम डिजाइन : इन्कान्टो
- डकुमेन्ट्री फिचर : समर अफ सोल
- डकुमेन्ट्री सर्ट सब्जेक्ट : द क्वीन अफ बास्केटबल
- मेकअप एण्ड हेयर स्टाइलिङ : द आइज अफ टेमी फेई
- प्रोडक्सन डिजाइन : डुन
- सर्ट फिल्म (एनिमेटेड) : द विन्डशिल्ड वाईपर
- सर्ट फिल्म (लाइभ एक्सन) : लङ गुडबाई
- ओरिजिनल सङ : नो टाइम टु डाइ
- साउन्ड : डुन
- भिजुअल इफेक्ट्स : डुन
- फिल्म सम्पादन : डुन (जो वाकर)
- ओरिजिनल स्क्रिनप्ले : बेल फास्ट (केनिथ ब्रनाघ)
- एडप्टेड स्क्रिनप्ले : कोडा (सियान हेडर)
- ओरिजिनल स्कोर : डुन (ह्यान्स जिमर)

१४. **मरुभूमि नभएको एक मात्र अरब राष्ट्र कुन हो ?**
✍ लेवनान

१५. **कहिल्यै आँखा नचिम्लने जीव माछा हो भने कहिल्यै आसु नझार्ने जीव कुन हो ?**
✍ चिम्पाञ्जी

१६. **हिन्द महासागर र बङ्गालको खाडीमा चल्ने वायुलाई के भनी चिनिन्छ ?**
✍ साइक्लोन
- (थार तथा गोवी मरुभूमिमा बहने तातो हावालाई 'लु' भनी चिनिने ।)

१७. **प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता कति हो ?**
✍ स्नातक तह

१८. **हरित जलवायु कोषको मुख्यालय कहाँ रहेको छ ?**
✍ दक्षिण कोरिया

१९. **भारतमा वस्तु तथा सेवा कर कहिलेदेखि लागू गरिएको हो ?**
✍ सन् २०१७ जुलाई १

२०. **सन् २०२२ को ग्रामी अवार्ड प्राप्त गर्ने वर्षको उत्कृष्ट एल्बम कुन हो ?**
✍ वी आर
- जोन बाटिस्टीको एल्बम 'वी आर'ले ग्रामी अवार्डमा ' वर्षको उत्कृष्ट एल्बम' जितेको ।
- अमेरिकाको लस भेगासको आयोजनामा सोमबार ६४औँ ग्रामी अवार्ड सम्पन्न भएको । फिल्मको सङ्गीतको उत्कृष्ट मानिने ग्रामी अवार्डमा वर्षका उत्कृष्ट गीत-सङ्गीतलाई अवार्ड दिइएको ।

● **ग्रामी अवार्ड विजेताहरू**
- उत्कृष्ट एल्बमः वी आर (जोन बाटिस्टी)
- गीतः लिभ द डोर ओपन (सिल्क सोनिक)
- रक गीतः फू फाइटर्स
- नव कलाकारः ओलिभिया रोड्रिगो
- न्यू एज एल्बमः रिकी केज
- एकल प्रस्तुतिः ड्राइभर्स लाइसेन्स (ओलिभिया रोड्रिगो)
- पप सामूहिक प्रस्तुतिः किस मी मोर
- परम्परागत पप भोकल एल्बमः लभ फर सेल (टोनी बेनेट र लेडी गागा)
- पप भोकल एल्बमः सावर (ओलिभिया रोड्रिगो)
- इलेक्ट्रोनिक रेकर्डिङः अलाइभ
- र्‍याप गीतः जेल
- र्‍याप प्रस्तुतिः फ्यामेली टाइज
- निर्माताः ज्याक एन्टोनाफ
- कमेडी एल्बमः सिन्सियरली
- म्युजिक भिडिओः फ्रिडम
- नृत्यः अलाइव
- अमेरिकन एल्बमः नेटिव सन्स
- ग्लोबल म्युजिक एल्बमः मदर नेचर
- बाल एल्बम अवार्डः फाल्गुनी शाह

२१. **चलचित्रका क्षेत्रमा नोबेल पुरस्कारका रूपमा मानिने प्रसिद्ध ओस्कार आवार्ड पहिलो पटक कहिले प्रदान गरिएको थियो ?**
✍ सन् १९२९

२२. **पूर्वजबाट सरेर नआएको तर पछि अकस्मात् देखा पर्ने नयाँ गुणयुक्त सन्ततिको विकास हुने प्रक्रियालाई के भनिन्छ ?**
✍ उत्परिवर्तन
- एउटै जातिका सजीवहरूको बीचमा देखापर्ने असमानतालाई परिवृत्ति (मातापितामा भन्दा सन्तानमा देखिने केही न केही भिन्नता) भनिन्छ ।
- एकै खाले वंशाणु भएर पनि फरक-फरक किसिमको वातावरणमा हुर्कंदै जाँदा विभिन्नता देखा पर्नुलाई वातावरणीय परिवृत्ति भनिन्छ ।

२३. **राणाशासन विरुद्ध सम्झौताहीन सङ्घर्ष गर्ने चार शहीदमध्ये सबैभन्दा पहिला मारिने शहीद को थिए ?**
✍ शुक्रराज शास्त्री

२४. **कुशे औँसी पर्व कहिले पर्दछ ?**
✍ भाद्र कृष्ण औँसी (बुवाको मुख हेर्ने दिन अर्थात् पिता पर्वका रूपमा मनाइने ।)

२५. **सम्पूर्ण जीवजन्तुहरूले श्वासप्रश्वासका लागि अक्सिजन लिने र कार्बनडाइअक्साइड छाड्ने तथा उक्त कार्बनडाइअक्साइडलाई बोटविरुवाले खाना बनाउनका लागि लिई अक्सिजन हावामा उत्सर्जन गर्ने प्रक्रियालाई के भनिन्छ ?**
✍ अक्सिजन चक्र

२६. **अन्तर्राष्ट्रिय न्यायालयमा कति जना न्यायाधीशहरू रहने व्यवस्था छ ?**
✍ १५

२७. ASYCUDA **के सँग सम्बन्धित छ ?**
✍ भन्सार

२८. **नेपालमा हाल कति स्थानीय तह रहेका छन् ?**
✍ ७५३

२९. **काठमाडौँमा सम्पन्न नेपाल, पपुवा न्युगिनी (पीएनजी) र मलेसियाबीचको त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० सिरिज कसले जित्यो ?**
✍ नेपाल
- वि.सं. २०७८ चैत २२ गते कीर्तिपुरस्थित त्रिवि मैदानमा पीएनजीलाई ५० रनले हराउँदै नेपाल च्याम्पियन बनेको ।
- नेपालले दिएको १६९ रनको लक्ष्य पछ्याएको पीएनजी १६.२ ओभरमा ११८ रनमा समेटिएको ।
- उक्त सिरिजमा नेपालका अलराउन्डर दीपेन्द्रसिंह ऐरी उत्कृष्ट खेलाडी घोषित भएका । उनले प्रतियोगिताभर २५५ रन जोड्दै ७ विकेट लिन सफल भएका ।
- सन्दीप लामिछानेको कप्तानीमा नेपालले पहिलो उपाधि जितेको ।

३०. **निजामती कर्मचारीहरूले एकै प्रकारको पोसाक लगाउनु पर्ने व्यवस्था कहिलेदेखि गरिएको हो ?**
✍ वि.सं. २०६८ साउन १

**प्रस्तुतकर्ता : टङ्क के.सी.**

## विषयगत प्रश्नोत्तर

# ऊर्जा सङ्कट



१. **ऊर्जा सङ्कट भनेको के हो ? लेख्नुहोस् ।**
✍ प्राकृतिक स्रोत एवं मानव निर्मित स्रोतबाट प्राप्त हुने शक्ति ऊर्जा हो । यही ऊर्जा सरल सहज एवं सर्वसुलभ रूपमा उपलब्ध हुन नसकेको अवस्थालाई ऊर्जा सङ्कट भनिन्छ । ऊर्जाको कमी हुनु, अभाव हुनु वा मागबमोजिम प्राप्त नहुनु ऊर्जा सङ्कट हो । ऊर्जा देश विकासको आधार हो । नेपालमा अहिले पनि ऊर्जा सङ्कट विद्यमान छ । नेपालको औद्योगिक क्षेत्रमा औद्योगिक विकासमैत्री ऊर्जा सर्वसुलभ हुन नसकेकाले नेपालको आर्थिक विकासमा ऊर्जा सङ्कट एउटा बाधकका रूपमा रहेको छ । ऊर्जा सङ्कटले कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, भौतिक पूर्वाधार निर्माणलगायत जनजीवनका प्रत्येक चरणमा प्रभाव पार्दछ । यसले सुत्केरी आमा, शिशु बच्चा, बालक, विद्यार्थी हुँदै वृद्धसम्म सबैलाई प्रभाव पार्दछ । यसले मुलुकको समग्र आर्थिक विकासमा बहुआयामिक रूपमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको पाइन्छ । त्यसैले नेपालमा ऊर्जा सङ्कट टार्नु अहिलेको प्रमुख आवश्यकता बनेको छ ।

२. **नेपालमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका घोषणा हुनका लागि पूरा गर्नुपर्ने सर्त तथा सुविधाहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ नेपालमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका घोषणा हुनका लागि पूरा गर्नुपर्ने सर्त तथा सुविधाहरू निम्नअनुसार छन् :

● **क. नगरपालिका**
- स्थायी बासिन्दा :
- हिमाली जिल्ला : कम्तीमा दस हजार,
- पहाडी जिल्ला : कम्तीमा चालीस हजार,
- भित्री मधेसका जिल्ला : कम्तीमा पचास हजार,
- तराईका जिल्ला : कम्तीमा पचहत्तर हजार,
- काठमाडौँ उपत्यका : कम्तीमा एक लाख भएको,

● **आन्तरिक आय :**
- पछिल्लो पाँच वर्षको औषत वार्षिक आन्तरिक आय हिमाली क्षेत्रको भए कम्तीमा एक करोड र अन्य जिल्लामा कम्तीमा तीन करोड रुपियाँ भएको,

● **सहरी सुविधा :**
- सडक, विद्युत्, खानेपानी, सञ्चारलगायत यस्तै न्यूनतम सहरी सुविधा भएको,

● **ख. उपमहानगरपालिका**

● **स्थायी बासिन्दा :**
- कम्तीमा दुई लाख भएको,

● **आन्तरिक आय :**
- पछिल्लो पाँच वर्षको औषत वार्षिक आन्तरिक आय कम्तीमा पच्चीस करोड रुपियाँ भएको,

● **सहरी सुविधा :**
- नगरपालिकालाई तोकिएको पूर्वाधार भएको, तोकिएबमोजिमका अन्य सहरी सुविधा भएको,

● **ग. महानगरपालिका**

● **स्थायी बासिन्दा :**
- कम्तीमा पाँच लाख भएको,

● **आन्तरिक आय :**
- पछिल्लो पाँच वर्षको औषत वार्षिक आन्तरिक आय कम्तीमा एक अर्ब रुपियाँ भएको,

● **सहरी सुविधा :**
- पर्याप्त सहरी सुविधा भएको,

३. **सार्वजनिक बडापत्रका सिद्धान्तहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ सार्वजनिक वस्तु तथा सेवा प्रदायक निकायले नागरिकप्रति गर्ने खुला प्रतिबद्धता सार्वजनिक बडापत्र हो । सर्वसाधारण नागरिकप्रति जारी गरिने यसले सार्वजनिक निकाय र नागरिकबीच असल सम्बन्ध विकास गरी सुशासन कायम गर्न सहयोग गर्दछ । यसका सिद्धान्तहरू निम्नअनुसार छन् :

● **क. गुणस्तर :**
- वस्तु तथा सेवाको गुणस्तर बढाउन सहयोग गर्दछ ।

● **ख. छनोट :**
- सम्भव भएसम्म सेवाग्राहीले वस्तु तथा सेवाको छनोट गरी लिन सक्ने, सार्वजनिक सेवा प्रवाहमा यो सम्भव नभए पनि निजी क्षेत्रको वस्तु तथा सेवा प्रवाहमा यो लागू हुन सक्दछ । जस्तैः उपलब्ध भएका निजी अस्पताल, निजी विद्यालय छनोट गरी सेवाग्राहीले इच्छाअनुसार सेवा लिन सक्छन् ।

● **ग. मापदण्ड :**
- वस्तु तथा सेवा प्रवाहको मापदण्ड तयार गरी सो अनुरूप प्रवाह गरिने,

● **घ. मूल्य :**
- सार्वजनिक साधन स्रोतको सही सदुपयोग गरी सेवा प्रवाह, करको सही सदुपयोग,

● **ङ. उत्तरदायित्व :**
- सेवा प्रदायकहरूको व्यक्तिगत र साङ्गठनिक रूपमा उत्तरदायित्व वृद्धि हुने,

● **च. पारदर्शिता :**
- कानुन, नियम, विधि, प्रक्रियालगायतका पक्ष प्रष्ट हुने, नागरिकमा सत्य सूचना प्रवाह हुने, खुलापन बढ्ने,

४. **अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ ले विकास सहायता परिचालनका लागि तोकेका प्राथमिकताका क्षेत्रहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ ले विकास सहायता परिचालनका लागि आठ वटा प्राथमिकताका क्षेत्रहरू तोकेको छ, जुन निम्न छन् :
- क. भौतिक पूर्वाधार निर्माण,
- ख. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसरफाइ,
- ग. राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि,
- घ. रोजगारी सिर्जना र गरिबी निवारण,
- ङ. विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण,
- च. वातावरण संरक्षण र जलवायु परिवर्तन,
- छ. विपत् व्यवस्थापन,
- ज. सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये सरकारले निर्धारण गरेको उपयुक्त क्षेत्र,

५. **नेपालको प्रत्यक्ष कर प्रणालीमा देखिएका चुनौतीहरू र गर्नुपर्ने सुधारहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ जसलाई कर लगाइएको छ, उसैले तिर्नुपर्ने कर प्रत्यक्ष कर हो । यस करमा करको भार र असर एउटै व्यक्तिमा पर्दछ, अरू व्यक्तिमा सार्न पाइँदैन । आयकर र सम्पत्ति कर प्रत्यक्ष कर हुन् । नेपालमा प्रत्यक्ष कर प्रणालीलाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था छ र पनि प्रत्यक्ष कर प्रणाली व्यवस्थित हुन सकेको पाइँदैन । कुल कर राजस्वमा प्रत्यक्ष करको हिस्सा कम रहनु तथा सम्पत्ति कर निष्प्रभावी हुनु यस क्षेत्रका प्रमुख चुनौती हुन् । समग्रमा निम्न कार्यलाई प्रत्यक्ष कर प्रणालीमा देखिएका चुनौतीहरूको रूपमा उल्लेख गर्न सकिन्छ :
- आयकरको दायरा बढाउँदै जानु,
- आयकर प्रणालीलाई सरल र पारदर्शी बनाउनु,
- कर संरचनामा प्रत्यक्ष करको अंश बढाउँदै जानु,
- कर चुहावट रोक्ने कार्यलाई थप प्रभावकारी बनाउनु,
- करदातामा सहज रूपमा कर तिर्ने प्रवृत्तिको विकास गराउनु,
- कर प्रशासनलाई जिम्मेवार, जवाफदेही, आधुनिक एवं समन्वयात्मक बनाउनु,
- आम नागरिकको सम्पत्ति अभिलेख कार्यलाई वैज्ञानिक बनाउँदै राज्यलाई नागरिकको सम्पत्तिको यथार्थ सूचना उपलब्ध गराउनु,
- सम्पत्ति करको माध्यमबाट आयकर कार्यान्वयनमा थप प्रभावकारिता हासिल गर्नु,
- यसरी नेपालको प्रत्यक्ष कर प्रणालीमा यी र यस्तै प्रकृतिका कार्यहरू सम्पन्न गर्न बढी चुनौती देखिएको पाइन्छ ।

प्रत्यक्ष कर प्रणालीमा गर्नुपर्ने सुधार
- आय आर्जनका सबै क्षेत्रमा आयकर लगाएर आयकरको दायरा फराकिलो बनाउने,
- आयकर ऐन, २०५८ र आयकर नियमावली, २०५९ लाई थप सरल बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने,
- आयकर छुट व्यवस्थालाई पारदर्शी बनाई लागू गर्नुपर्ने,
- आयकरको दरलाई कम गरी थोरै दरबाट धेरैलाई करको दायरामा ल्याई बढी राजस्व असुली गर्ने,
- कर चुहावट रोक्ने कार्यलाई समन्वयात्मक रूपमा अगाडि बढाउने,
- कर साक्षर, कर चेतना वृद्धि एवं कर सदुपयोगको प्रत्याभूति गरेर करदातामा सहज रूपमा कर तिर्ने बानीको विकास गर्ने,
- कर प्रशासनलाई विद्युतीय कर सुशासनमा रूपान्तरण गर्ने, उत्प्रेरित एवं उच्च मनोबलयुक्त कर प्रशासनको निर्माण गर्ने,
- सम्पत्तिको सिलिङ तोकेर सोहीअनुसार सम्पत्ति कर लगाउनु पर्ने,
- आम नागरिकको सम्पत्तिको वैज्ञानिक अभिलेख गर्न संयन्त्र निर्माण गर्नुपर्ने,
- आयकर आर्थिक असमानता कम गराउने प्रगतिशील कर हो भने सम्पत्ति कर सम्पत्तिलाई निष्क्रिय नबनाई उत्पादनशील क्षेत्रमा प्रवाह गरी पारदर्शी अर्थतन्त्रको विकास गर्न सहयोग गर्ने कर हो । सम्पत्ति करले अन्ततोगत्वा आयकरको दायरालाई समेत विस्तार गर्दछ । यसका लागि आयकरको सङ्कलन एवं प्रशासन गर्ने जिम्मेवारी लिएको आन्तरिक राजस्व विभाग र अन्तर्गतका आन्तरिक राजस्व कार्यालयको सुदृढीकरण गरी कर प्रणालीलाई सरल र पारदर्शी बनाउनु पर्दछ । सम्पत्ति करका लागि पालिकाहरूले आवश्यक कानुन, मापदण्ड एवं कार्यविधि तयार यस करलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

६. **नेपालको संविधानअनुसार देहायका व्यक्तिले आफ्नो पद तथा गोपनीयताको शपथ को समक्ष लिने व्यवस्था छ ?**
✍ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्री, प्रदेश प्रमुख, प्रदेशको मुख्य मन्त्री, प्रदेशको मन्त्री, प्रदेशको राज्यमन्त्री, प्रदेशको सहायक मन्त्री,
- नेपालको संविधानअनुसार देहायका व्यक्तिले आफ्नो पद तथा गोपनीयताको शपथ देहायका व्यक्ति समक्ष लिने व्यवस्था छ :
- क. राष्ट्रपतिले प्रधान न्यायाधीश समक्ष,
- ख. उपराष्ट्रपतिले राष्ट्रपति समक्ष,
- ग. प्रधानमन्त्रीले राष्ट्रपति समक्ष,
- घ. उपप्रधानमन्त्रीले राष्ट्रपति समक्ष,
- ङ. मन्त्रीले राष्ट्रपति समक्ष,
- च. राज्यमन्त्रीले प्रधानमन्त्री समक्ष,
- छ. सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष,
- ज. प्रदेश प्रमुखले राष्ट्रपति समक्ष,
- झ. प्रदेशको मुख्यमन्त्रीले प्रदेश प्रमुख समक्ष,
- ञ. प्रदेशको मन्त्रीले प्रदेश प्रमुख समक्ष,
- ट. प्रदेशको राज्यमन्त्रीले प्रदेशको मुख्यमन्त्री समक्ष,
- ठ. प्रदेशको सहायक मन्त्रीले प्रदेशको मुख्यमन्त्री समक्ष,

७. **स्थानीय व्यवस्थापिकाले गर्ने कार्यहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ नेपालको संविधानबमोजिम स्थानीय तहलाई तोकिएका कार्यहरूको विषयमा कानुन बनाउने स्थानीय व्यवस्थापिकाको प्रमुख कार्य हो । यसका कार्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- स्थानीय करका दरहरू तोक्ने,
- स्थानीय कानुन निर्माण गर्ने,
- स्थानीय बजेट पारित गर्ने,
- स्थानीय नीति तथा कार्यक्रमहरूको समीक्षा गर्ने,
- स्थानीय आय र व्ययमाथि छलफल गर्ने, स्वीकृत गर्ने,
- स्थानीय कार्यपालिका र सोअन्तर्गतका निकायलाई नियन्त्रण गर्ने, निर्देशन दिने ।

८. **मूल्य अभिवृद्धि करमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने अवस्थाहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि करमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने अवस्थाहरू निम्न छन् :
- म्यादभित्र कर विवरण पेस नगरेमा,
- अधुरो वा त्रुटिपूर्ण कर विवरण पेस गरेमा,
- झुठ्ठा कर विवरण पेस गरेमा,
- करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा,
- आपूर्ति मूल्यमा न्यून विजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा,
- न्यून विजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा,
- दर्ता हुनुपर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा,
- बिजक जारी नगरी बिक्री गरेमा,
- दर्ता नभएको व्यक्तिले कर उठाएमा,

९. **सहकारीका सिद्धान्तहरू के के हुन् ?**
✍ स्वेच्छिक रूपमा आपसी सहकार्य गरेर गर्ने कार्य सहकारी हो । जसमा सदस्यहरू बीच स्वतन्त्रता, स्वयत्तता, खुलापन तथा सक्रिय र सार्थक सहभागिता हुन्छ । यो नै सहकारीको आधारभूत सिद्धान्त हो, जुन बिना सहकारीको सहकार्य गरेर गर्ने जुनसुकै काम सफल हुन सक्दैन । सहकारीका अरू थप सिद्धान्तहरू निम्न छन् :
- स्वेच्छिक खुला सदस्यता,
- सदस्यहरूद्वारा लोकतान्त्रिक प्रक्रियाको अवलम्बन,
- सदस्यहरूको आर्थिक सहभागिता,
- शिक्षा, तालिम र सूचना,
- सहकारी सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो,

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**